काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २४८ ❐ शनिवार, ६ असार, २०८३ ❐ Saturday, 20 June 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

डेढ लाख पुरस्कारसहित काँक्रेविहार हाफ म्याराथन सोमबारबाट सुरू



❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, ५ असार

यही सोमवार बिहान वीरेन्द्रनगरमा हुन लागेको तेस्रो एक्सट्रिम काँक्रेविहार राष्ट्रिय हाफ म्याराथनले पुरस्कार राशी बढाएको छ। "दौडिन्छ कर्णाली" नारासहित आयोजना हुने म्याराथनमा पुरस्कारको राशी यसअघि निर्धारण गरिएको भन्दा बढाएको हो। अब २१ किमी हाफ म्याराथनका प्रथम धावकले एक लाख ५० हजार तथा दोस्रोले ७५ हजार राशीको पुरस्कार पाउनेछन् महिला म्याराथन र छात्रछात्राको प्रतिष्पर्धामा पनि पुरस्कार राशी बढाइएको छ। प्रतियोगिताको मस्कट, टिर्सट सार्वजनिक गर्दै आयोजकले सो जानकारी दिएको हो। वीरेन्द्रचौकबाट मंगलगढी, एयरपोर्ट, धुलियाबिट र सुब्बाकुना हुँदै पुनः सुब्बाकुनाबाट मंगलगढी, बागेसिमल हुँदै वीरेन्द्रचौक आउने दौड समापन हुनेछ। आयोजक मध्यपश्चिम फिटनेस सेन्टरका प्रबन्ध निर्देशक प्रमोद हमालले २१ किमी दौडमा पुरुष, महिलालाई १० किमी र स्कूले छात्रछात्राका लागि ५ किमी निर्धारण गरिएको छ।

कर्णाली प्रदेश खेलकुद विकास परिषद्को आर्थिक सहयोग तथा मिड वेस्टर्न फिटनेस सेन्टर, सुर्खेतको आयोजनामा प्रत्येक वर्ष ओलम्पिक डेका अवसरमा सञ्चालन हुँदै आएको प्रतियोगिताको यो तेस्रो संस्करण हो। यसपटक प्रतियोगिताको टाइटल स्पोन्सर एक्सट्रिम इनर्जी ड्रिंक रहेको छ।

यस्तै, प्रतियोगिताका लागि नेपालगन्जको ब्राइट ल्याण्ड स्कुलले ५० हजार बराबर मूल्यको खेलाडीले लगाउने टिसर्ट प्रायोजन गरको छ। ब्राइटले प्रतियोगिता स्थापनादेखि नै काँक्रेविहार हाफ म्याराथनसँग सहकार्य गर्दै आएको छ। "दौडिन्छ कर्णाली" नारालाई मूर्त रूप दिन कर्णाली खेलकुद विकास परिषद्को अनुरोधमा विगत दुई वर्षदेखि फिटनेस सेन्टरले प्रतियोगिताको सञ्चालन तथा व्यवस्थापन गर्दै आएको जनाइएको छ। प्रबन्ध निर्देशक हमालले यो परिषद्कै वार्षिक कार्यक्रम रहेको बताए। परिषद्ले कर्णालीमा दौड संस्कृतिको विकास गर्ने उद्देश्यसहित जुम्ला सञ्चालित रारा म्याराथन र सुर्खेतमा काँक्रेविहार म्याराथनलाई वार्षिक बजेट उपलब्ध गराउँदै आएको छ। परिषद्ले आफै म्याराथन प्रतियोगिता सञ्चालन गर्न सम्भव नभएकाले खेल संस्थाहरुलाई परिचालन गरिएको आयोजकको भनाई छ।

बजेट सक्न डिपीआरमा करोडौं खर्च

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, ५ असार

कर्णाली प्रदेश सरकारका मन्त्रालय तथा मातहतका कार्यालयहरूले विकास निर्माणको आधार तयार गर्ने नाममा वर्षेनी करोडौं रुपैयाँ विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) निर्माणमा खर्च गरिरहेका छन्।

तर तयार गरिएका अधिकांश डिपीआर कार्यान्वयनमा नजाँदा ती खर्च विकासको आधारभन्दा पनि बजेट सक्ने माध्यम बनेको आरोप बढ्दै गएको छ। गत आर्थिक वर्ष २०८१/०८२ मा मात्रै जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय तथा भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय मातहतका १० कार्यालयले डिपीआर निर्माणमा करिब चार करोड ५३ लाख ५२ हजार रुपैयाँ खर्च गरेका छन्। तर तीमध्ये अधिकांश योजनाको निर्माण प्रक्रिया नै सुरु हुन सकेको छैन। सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ ले सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट काम सम्पन्न गर्न नसकिने अवस्थामा मात्र परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था गरेको छ। तर कर्णालीमा भने कार्यालयमा प्राविधिक जनशक्ति हुँदाहुँदै बाह्य परामर्शदाता नियुक्त गरी डिपीआर तयार गराउने प्रवृत्ति निरन्तर बढिरहेको देखिएको छ। प्रदेश सरकार स्थापना भएयता हजारौं योजनाको डिपीआर निर्माण गरिएको छ। तर तीमध्ये ठूलो हिस्सा कार्यान्वयनमा प्रवेश गर्न नसकी फाइलमै सीमित बनेका छन्। यसले डिपीआर निर्माणको उद्देश्य विकासभन्दा पनि बजेट खर्च देखाउने माध्यममा सीमित भएको आशंका बलियो बनाएको छ। योजना छनोटदेखि डिपीआर निर्माणसम्म राजनीतिक नेतृत्व र कर्मचारीबीचको मिलेमतोमा अनावश्यक योजना अघि सारिने गरेको आरोप स्थानीय स्तरमा व्यापक छ कार्यान्वयनको कुनै सुनिश्चितता नभएका योजनामा समेत परामर्श सेवा खरिद गरी लाखौं खर्च गर्ने प्रवृत्तिले राज्यकोषमाथि अनावश्यक भार थपेको सरोकारवालाहरू बताउँछन्।

महालेखापरीक्षकको कार्यालयले पनि हरेक वर्ष आफ्नो प्रतिवेदनमार्फत आवश्यकता मूल्यांकन नगरी डिपीआर निर्माणमा गरिएको खर्च, कार्यान्वयन नहुने योजनामा लगानी तथा परामर्श सेवा खरिदमा देखिएका कमजोरीबारे प्रश्न उठाउँदै आएको छ। तर महालेखाले योजना कार्यान्वयनको सुनिश्चितता, बजेट उपलब्धता र प्राथमिकताको आधारमा मात्रै डिपीआर निर्माण गर्न सुझाव दिए पनि व्यवहारमा सुधार देखिएको छैन।



कहाँ कति खर्च भयो ?

जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय अन्तर्गतका चार कार्यालयले मात्रै गत वर्ष एक करोड ६१ लाख २४ हजार रुपैयाँ डिपीआर निर्माणमा खर्च गरेका छन्। खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय दैलेखले सात योजनाको डिपीआर बनाउन ४३ लाख ८५ हजार रुपैयाँ खर्च गरेको छ।

यस्तै जाजरकोट कार्यालयले आठ योजनाका लागि ५० लाख ९९ हजार, जुम्लाले चार योजनाका लागि १९ लाख ८३ हजार तथा कालिकोट कार्यालयले २० योजनाका लागि ४६ लाख ५७ हजार रुपैयाँ खर्च गरेका छन्। त्यसैगरी भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय अन्तर्गतका छ कार्यालयले दुई करोड ९२ लाख २८ हजार रुपैयाँ परामर्श सेवामार्फत डिपीआर निर्माणमा खर्च गरेका छन्।

यता पूर्वाधार विकास कार्यालय डोल्पाले नौ आयोजनाको डिपीआर बनाउन एक करोड ३४ लाख ६३ हजार रुपैयाँ खर्च गरेको छ। हुम्लाले तीन आयोजनामा ५८ लाख ८८ हजार, जाजरकोटले पाँच आयोजनामा ३० लाख २१ हजार, सल्यानले तीन आयोजनामा २६ लाख १३ हजार, रुकुमपश्चिमले दुई आयोजनामा २३ लाख ५३ हजार तथा कालिकोटले तीन आयोजनामा १८ लाख ९० हजार रुपैयाँ खर्च गरेका छन्।

यी अधिकांश कार्यालयमा इन्जिनियर, सब-इन्जिनियर तथा प्राविधिक जनशक्ति उपलब्ध हुँदाहुँदै बाह्य परामर्शदाता नियुक्त गरिएको तथ्यले थप प्रश्न उठाएको हो। कर्णालीमा वर्षेनी नयाँ डिपीआर तयार भइरहेका छन् तर पुराना प्रतिवेदन कार्यान्वयन नहुँदै थुप्रिने क्रम जारी छ। कतिपय योजनाको डिपीआर तयार भएको वर्षौं बितिसक्दा पनि निर्माण प्रक्रिया सुरु भएको छैन। यसले योजना छनोट र बजेट व्यवस्थापनको कमजोरी उजागर गरेको छ।

स्थानीय सरोकारवालाहरू राज्यकोषबाट खर्च गरिएको रकमको प्रतिफल खोजिनुपर्ने बताउँछन्। उनीहरू डिपीआर निर्माणमा भएको खर्च, त्यसको आवश्यकता र कार्यान्वयन अवस्थाबारे छानबिन गरी जिम्मेवार निकायलाई जवाफदेही बनाउनुपर्ने माग गर्छन्।

कर्णालीमा विकास निर्माणलाई प्रभावकारी बनाउने हो भने डिपीआर निर्माणलाई मात्र उपलब्धि मान्ने परिपाटी अन्त्य गर्नुपर्ने देखिन्छ। योजना छनोटदेखि बजेट सुनिश्चितता र कार्यान्वयनसम्मको स्पष्ट खाका बिना तयार गरिएका प्रतिवेदनहरू अन्ततः फाइलमै सीमित हुने र राज्यको करोडौं रुपैयाँ खर्च निरर्थक हुने जोखिम बढिरहेको छ।

लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं

- घर वरिपरि पानी जम्न नदिऔं,
- सुत्दा अनिवार्य रूपमा झुल/मच्छरदानी प्रयोग गरौं,
- लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने कपडा लगाऔं,
- घर तथा वातावरण सफा र स्वच्छ राखौं,
- झ्याल-ढोकामा जालीको प्रयोग गरौं,
- डेंगु, मलेरिया जस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे बढ्न नदिऔं,
- समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं।

सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो।

नेपाल सरकार

विज्ञापन बोर्ड

कर्णालीलाई खेल हब बनाउने लक्ष्यसहित ४६ औं राष्ट्रिय एथलेटिक्स प्रतियोगिता

१० किलोमिटर दौडमा राजन र सन्तोषी प्रथम

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, ५ असार

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरस्थित कर्णाली प्रदेश रंगशालामा पहिलोपटक ४६औं राष्ट्रिय एथलेटिक्स च्याम्पियनसिप सुरु भएको छ। तीन दिनसम्म सञ्चालन हुने प्रतियोगिताको उद्घाटन गर्दै कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री एवं नेपाल एथलेटिक्स संघका केन्द्रीय अध्यक्ष राजीवविक्रम शाहले कर्णालीलाई खेल हबका रूपमा विकास गर्ने लक्ष्यसहित काम अघि बढाइएको बताएका छन्।

मन्त्री शाहले कर्णालीको भूमिमा राष्ट्रियस्तरको एथलेटिक्स प्रतियोगिता आयोजना हुनु गौरवको विषय भएको उल्लेख गर्दै प्रदेशमा निर्माण भएका खेल पूर्वाधारको प्रभावकारी उपयोगका लागि प्रतियोगिता आयोजना गरिएको बताए। उनले कर्णालीमा खेल पूर्वाधार निर्माण भए पनि अपेक्षित रूपमा उपयोग हुन नसकेको भन्दै यस्ता प्रतियोगितामार्फत खेल गतिविधि विस्तार गरिने बताए।

"कर्णालीमा खेल पूर्वाधार त बनेका थिए, तर तिनको अपेक्षित रूपमा उपयोग हुन सकेको थिएन। त्यसैले पूर्वाधारको सदुपयोग गर्दै खेल गतिविधिलाई विस्तार गर्न यो प्रतियोगिता आयोजना गरेका हौं, मन्त्री शाहले भने।

उनले खेलकुदमार्फत पर्यटन प्रवर्द्धन, आर्थिक गतिविधि विस्तार तथा प्रदेशको पहिचान स्थापित गर्न सकिने उल्लेख गर्दै भविष्यमा कर्णालीमा दक्षिण एसियालीस्तरका प्रतियोगिता आयोजना गर्ने योजना रहेको जानकारी दिए। कर्णालीका खेलाडीलाई पर्याप्त अवसर प्रदान गर्नुपर्नेमा जोड दिँदै नेपाल एथलेटिक्स संघ खेलाडीको क्षमता विकास र अवसर विस्तारका लागि प्रतिबद्ध रहेको उनले बताए।

प्रतियोगिताको पहिलो दिन सम्पन्न १० किलोमिटर दौड प्रतियोगितामा पुरुषतर्फ नेपाल आर्मीका राजन रोकाय प्रथम भए भने महिलातर्फ वाग्मती प्रदेशकी सन्तोसी श्रेष्ठले पहिलो स्थान हासिल गरिन्।

नेपाल एथलेटिक्स संघका केन्द्रीय सचिव राधाकृष्ण विष्टका अनुसार प्रतियोगितामा देशभरका सात प्रदेश र तीन विभागीय टोलीका गरी ३२० खेलाडी सहभागी छन्। विभिन्न ट्र्याक तथा फिल्ड इभेन्टमा खेलाडीहरूले प्रतिस्पर्धा गरिरहेका छन्। कर्णाली प्रदेशमा पहिलोपटक राष्ट्रिय एथलेटिक्स च्याम्पियनसिप आयोजना हुनुलाई प्रदेशको खेलकुद इतिहासमा महत्वपूर्ण उपलब्धिका रूपमा लिइएको छ। प्रतियोगिताले कर्णालीमा एथलेटिक्स खेलको विकास, विस्तार तथा खेल पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने अपेक्षा गरिएको छ। तीन दिनसम्म सञ्चालन हुने प्रतियोगितामा देशभरका उत्कृष्ट खेलाडीहरूबीच विभिन्न विधामा प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ।

शनिवार

कथा

बौलाहा अम्मरे बन्यो विद्रोही



कथाको गहिराइ पाठकको डुब्न सक्ने क्षमतामा हुन्छ कि लेखकको गहिराइतिर डोऱ्याउने शक्तिमा ? अरू कथाको कुरा भए भन्न सकिन्थ्यो पनि होला । तर यो कथा भिन्नै छ । भिन्नै कुन अर्थमा भने यस कथाको तौल शून्य छ । न कुनै सन्देश भेटिने सम्भावना न घटनाक्रम बीच तालमेल । तै पनि यो कथा छ जस्तो हावा देखिँदैन तर छ अनि त्यसको यथार्थ हरपल महसूस हुन्छ । हुनु र नहुनुको फरक त्यस चीजले तान्न सक्ने आकर्षणमा भर पर्छ होला । यस कथामा आकर्षण छ भन्न सकिन्छ । कस्तो आकर्षण पाठकले पढिसके पछि अन्त्यमा मूल्याङ्कन गर्दा बेस होला ।

कथा त्यस्तो व्यक्तिको हो जो संसार जित्नबाट एउटा तिलको गेडाको लम्बाइ जतिले चुक्यो । विद्रोही ! हो विद्रोही हो उसको नाम । यो नाम सम्म आनुको यात्राको पनि कहानी छ । कहानी छोटो छ भनिहालूँ । जस्तो आम मानिसको नाम न्वारानमा राखिन्छ उसको पनि राखिएको थियो । सात दिन यो विचित्रको दुनयाँमा आगमन भइसकेपछि एउटा टुप्पी लामो पालेको, खैरो दौरा सुरुवाल लगाएको बाहुन भनिने मान्छेले ल बाबु तिम्रो नाम आजबाट बलबाहादुर भनेर ठोकुवा गरिदिए । त्यस पश्चात् घरमा अनि अन्य प्रयोजनका लागि बाआमाले अमर भनेर राखिदिए ।

केही दशक पछि जब विद्रोही विद्रोहको भाषा बोल्न थाल्यो अनि समाजले उसलाई अराजक पात्रको रूपमा औंल्याउन थाल्यो । यसरी समाजले उसलाई अर्को नाम उपहार दियो - बौलाहा अम्मरे ! बौलाहा अम्मरे नाम बोकेर विद्रोही फेरि केही वर्ष भौंतारिरह्यो । समाजको हरेक अङ्गलाई चामलबाट ढुङ्गा छुट्याए जस्तो छुट्याएर बुझ्न थाल्यो अनि चेतनाले एउटा खुड्किलो उक्लियो । जब उसले यो बुझ्यो कि नाम राखिदिने बाहुन, बा, आमा, समाज यी सब दुनियाँको दिन चरिया चिनाउने सहाराहरू उसको संसार हेर्ने नजरिया बुझ्ने हैसियत राख्दैनन् भने यिनले दिएको परिचय बोक्सुको के अर्थ । हो यहीं जन्मियो उसको असली नाम - विद्रोही ।

शुरू गरौं है त । एक मानेमा विद्रोहीलाई लेखक भन्दा हुन्छ अझ स्पेसिफिक हुने हो भने उसलाई साहित्यकार भन्दा फरक नपर्ला । विद्रोहीका रचनाहरू न किताबमा भेटिन्छन् न कुनै म्यागेजिनमा न कुनै पत्रिकामा । उस्का रचनाहरू सिर्फ दुई ठाउँमा फेला पार्न सकिन्छ एक उसको झोला जुन हर पल, हर बखत उसको ढाडमा टाँसिएको भेटाउन सकिन्छ । र अर्को ठाउँ खैर के भनौं । फेरि पाठक उसलाई समाजले राखिदिएको प्यारो नाम बौलाहा अम्मरे भनेर बोलाउन थाल्नेछन् ।

के फरक पर्छ र भनिहाल्छु । उसको मस्तिष्क ! विद्रोहीलाई उस्का रचनाहरू कतै छापियोस् भन्ने लोभ वा त्यसबाट केही रकम आर्जन गरौंला भन्ने खोस्टा बराबर मतलब थिएन । उसलाई यो लागिसकेको थियो कि उस्का रचनाहरू अमर भइसकेका छन् जुन यदि दुनियाँले पढ्यो भने बिस भै जाने छन् । तपाईं भन्नु होला अनि के विद्रोही साँच्चै साहित्यकार हो त ? यदि विद्रोहीले एउटा चीजबाट मुक्ति पाउँछ भने ऊ साँच्चै साहित्यकार हो ।

डर छ विद्रोहीभित्र । भयानक डर । उसलाई यस चीजबाट मुक्ति पाउन त्यति नै जरूरत छ जति पानीबाट बालुवामा आइपुगेको माछालाई पानीको जरूरत हुन्छ । यो डर विद्रोहीभित्र कहिले र कसरी पस्यो यस्को छुट्टै कहानी बन्न पनि सक्ला तर अरू कुनै बेला । यो डरभित्र गुजुल्टिएका अनेकौं डर मध्य एउटा डर यो हो कि विद्रोही मृत्युको खुट्टामा टाउको टेकाउनुअघि संसारमा लेखिएका हरेक कालजयी साहित्यमा डुब्न चाहन्थ्यो । साहित्यको विशाल समुद्री गहिराइमा हराउनु थियो विद्रोहीलाई हमेसा हमेसाको लागि । तर के सम्भव छ शब्दहरूको जालोमा आफूलाई त्यागेर साहित्यलाई पुज्न ? के माकुराको जालोमा फसेको झिँगा र विद्रोहीमा केही फरक भेटिन्छ ?

विद्रोही मगन छ भलै ऊ भित्र डरका छालहरू गगन चुम्बी उचाइ ताक्दै उफ्रिरहेका हुन्छन् । छुटै संसार निर्माण गरेको छ उसले जहाँ उसले पढेका हरेक उपन्यासका पात्रहरू उस्का ओरिपरी घुमिरहेका हुन्छन् । अजिब शक्ति छ विद्रोहीभित्र । उसले पढेका किताबका लेखक र तिनका पात्रहरू विद्रोही यथार्थमा देख्न सक्छ । संवाद गर्न सक्छ । कहिले अल्बर्ट क्यामुस त कहिले लियो टोल्स्टोय त कहिले फ्योदोर दोस्तोएव्स्की त कहिले रुसी साहित्यका महान् लेखकहरू ।

विद्रोही हरेक दिन मानौं लुगा फेर्दै छ त्यसरी ऊ आफ्नो मित्रता फेर्छ । यस पटक भने विद्रोही सन्तापलाई अँगाल्दै घुमिरहेको छ । सन्ताप पियुस मिस्राको जीवनीमा आधारित पियुस मिस्राको काल्पनिक पात्र हो । कहिले घना वनको बिचोबिच त कहिले सहरले ओकालेको फोहोरको डंगुरको भद्दा चुचुरो त कहिले मसान घाट । बेग्लै हुने गर्छन् विद्रोहीका पर्यटकीय स्थलहरू । विद्रोही हर समय यस्ता स्थलहरूमा भेटिन्छ एकोहोरो आकाशको अनन्त खालीपन पढ्न खोजे जस्तो मुद्रामा । बरबराइरहेको हुन्छ विद्रोही सिर्फ उसले देख्न सक्ने उपन्यासका पात्र र लेखकहरूसँग ।

सन्तापः अनि कस्तो लाग्यो त ?

विद्रोहीः अद्भुत । क्या लेखाई प्रिय पियुम मिस्रा जी को ।

सन्तापः अनि अब नयाँ लेख कहिले त ?

विद्रोहीः लेख्ने सोच्दै छु । कामुसँग केही सुझाव लिन बाँकी छ । हिजो मार्सल्टले जेलबाट पठाएको चिठ्ठी पाएँ कामु मिथ अफ सिसिफस लेख्दै छन् अरे ।

सन्तापः ठिक ठिक । सिसिफसलाई त ढुंगा पहाडको चुचुरो सम्म गुल्ट्याउने अमर काम मिल्यो तँलाई के त विद्रोही ?

विद्रोहीः मलाई ?

विद्रोहीलाई यस्ता प्रश्नहरूले चिड्याउने गर्छन् । मलाई के भन्दा पनि मैले के दिन सक्छु भन्ने सिद्धान्त पुज्ने विद्रोही यस्ता प्रश्न सुन्ने बित्तिकै रन्किहाल्थ्यो । अनि शुरू हुन्थ्यो विद्रोहीको विद्रोह । यहाँ शुरू हुन्थ्यो पागलपन । भयानक पागलपन । उसलाई लाग्न थाल्थ्यो हटा सारा साहित्य । भाड्मे जाओ सबै लेखक । चाहिँदैन मलाई कोही । म आफैंमा कवि हुँ, आफैंमा साहित्यकार आफैंमा भगवान अनि आफैंमा एक महान् पागल ।

अहिले ऊ एयरपोर्टको रनवेको बिचोबिच ठिङ्ग उभिएको छ । एक्लै ! सन्ताप फुत्त निस्किसकेको हुनुपर्छ कतै किताबको पानामा सुरक्षित बसेर विद्रोहीको पागलपन सिनेमा हेरे झैं हेर्दै होला । पछाडि उस्का कृतिहरूले भरिभराउ झोला, खुट्टामा घिस्रिसकेका जुत्ता, खैरो सर्ट, खल्तीमा टिमिक्क भरिएका डढपेन, हालसालै खौरिएको कपाल अनि उम्रिँदै गरेका कपालका टुसाहरू यस्तो छ विद्रोहीको हुलिया । ऊ यसरी उभिएको थियो कि ल्यान्ड गर्दै गरेको प्लेन च्याप्प समात्ने वाला छ आफ्नो ब्याग खेलेर सारा आफ्ना पात्रहरूलाई भर्ने छ र पठाउने छ कतै टाढा जहाँ स्वतन्त्र जिउन पाउनेछन् उस्का पात्रहरूले आफ्नो जीवन । विराट आकाशबाट प्लेन यसरी आउँदै छ मानौं कुनै चिल कुखुराको चल्ला टिप्न आउँदै छ । विद्रोही तयार देखिन्छ । मानौं विद्रोही प्लास्टर बइसकेको छ एकदम अचल अडिग भएर विद्रोही घुरिरहेको छ तेज गतिमा आफूतिर आउँदै गरेको प्लेन जो अबको केही सेकेन्डमा विद्रोहीलाई किच्ने वाला छ । गार्डहरू परबाट ऊतिर दगुरिरहेको देख्न सकिन्छ । प्लेन रोक्न सक्ने कुरै भएन । ऊ खडा छ उसको डर मिलि सेकेन्ड बाई मिलि सेकेन्ड नजिकिँदै छ । अनि जे अनुमान लगाइएको थियो त्यो नहुने कुरै भएन ।

मानौं समयको सिनेमा कसैले बीचमा पज गरिदियो । सब चीज रोक्कियो । सन्नाटाले निल्यो वर्तमानको ध्वनि । हावामा विद्रोहीका रचनाले भरिएका पानाहरू बग्दै छन् मानौं आकाशबाट पानी बर्सिरहेको छ । ती पानाहरू एक एक गर्दै विद्रोहीको रगतमा डुब्दै छन् डुब्दै छन्...

कविता

नेयमार अभागी राजकुमार



✍ सन्तोष सरील

जोगा बोनिटो घन्कने
ब्राजिलका
साँघुरा गल्लीहरूमा ।
खाली खुट्टा र मोजाका बलहरू रमाउने

खाल्डाखुल्डी बाटोहरूमा
डम्पिङ साइटको परिवेशवरपर
हिलोमा फुलिरहेका कमलहरूबीच
फुलेको सबैभन्दा सुन्दर कमल हौ नेयमार !

तिम्रो घर, संसार र
सर्वस्व– सधैँ मैदान भयो ।
तिम्रो परिवार, आफन्त र साथी– सधैँ फुटबल भयो ।
पेले, रोनाल्डो र रोनाल्डिनोहरूको पदचाप
पछ्याउँदै
मेरो छिमेकी कान्छामान दाइले
आरनमा रातो बनाउँदै कुटेको फलामजस्तो
मिहिनेतले सपनालाई आकार दिइरह्यौ ।

गीतको लय भनौं या साहित्यको रस
युद्धको कौशल भनौं या कृष्णको भन्दा बढ्ता लीला
कुनै जादुभन्दा कम छैन
तिम्रो खुट्टाले लेखिरहेको जिङ्गा ।

तिमी मैदानमा र तिम्रो खुट्टामा बल हुँदा
लाग्छ हावामा लड्दिएर नाचिरहेझैं फूलहरू
जुन घाम र बादल मिलेर खेलिरहेझैं लुकामारी ।
यस्तो लाग्छ तिमी आँधी पनि हौ
गाह्रो पर्छ तिम्रोसामु सम्हालिन
पोथ्राझैं विपक्षीहरूलाई ।

राजा बन्न नसकेको ए ! राजकुमार
तिमी बेन्चमा बसिरहेको दिन

मैदानमा भन्दा बढ्ता थकित देख्छु र भक्कानिन्छु ।
लाग्छ
तिमी एक नै एघारमा बाँडिएर दौडिरहेछौ ।
त्यसो त
आफ्नै आँखाअगाडि
विपक्षीहरूको दबाब हेर्दै गर्दा
कति भोल्टेजको चट्याङ सहनुपर्ला त्यो मुटुले
कति बेगको रगत थेग्नुपर्ला तिम्रा धमनीले ?
साच्चै !
तिमी नीलकण्ठ हौ चोटहरू हाँसेर पिइदिने ।

के छ ? थाहा छैन
यदि नलेखिएको रहेछ भने पनि सुनौलो अक्षरले तिम्रो
भाग्यको अन्तिम पृष्ठ ।
भन्नेहरूले भनिरहे पनि अभागी राजकुमार
वर्षौंवर्षसम्म रहिरहनेछौ हजारौं हृदयहरूमा
सङ्घर्ष, सपना र आत्मविश्वासको राजा बनेर ।

हो, रहिरहनेछौ नेयमार तिमी
हीराजस्ता हृदयहरूमा राजा बनेर ।

गुणस्तरीय निर्माणमा पालिकाको जोड



❐ **काँक्रेविहार संवाददाता**
हुम्ला, ५ असार

असार महिना सुरु भएसँगै हुम्लाका स्थानीय तहहरूले निर्माण सम्पन्न भएका तथा निर्माणाधीन विकास योजनाको अनुगमनलाई तीव्र बनाएका छन् ।

उपाध्यक्षको संयोजकत्वमा गठन हुने अनुगमन समितिको सिफारिस अन्तिम भुक्तानीका लागि अनिवार्य भएकाले योजनास्थलमा पुगेर निरीक्षण गर्ने कार्य बढाइएको हो ।

सर्केगाड गाउँपालिकामा चालु आर्थिक वर्षमा सञ्चालन भएका दुई सय १७ योजनामध्ये एक सय ५० योजनाको अनुगमन सम्पन्न भएको छ ।

गाउँपालिका उपाध्यक्ष देवकी तिमिल्सिनाका अनुसार लागत अनुमानअनुसार काम नभएका योजनालाई सुधार गर्न निर्देशन दिइएको छ भने गुणस्तरीय काम भएका योजनालाई अन्तिम भुक्तानीका लागि सिफारिस गरिएको छ । सबै योजनाको स्थलगत अनुगमनपछि मात्र भुक्तानी प्रक्रिया अघि बढाइने जनाइएको छ ।

अदानचुली गाउँपालिकामा चालु आवमा ९९ वटा साना तथा ठूला योजना सञ्चालनमा छन् । गाउँपालिका अध्यक्ष मोहनविक्रम सिंहका अनुसार बहुवर्षीय योजनाबाहेक अधिकांश योजना निर्धारित समयमै सम्पन्न हुने अपेक्षा गरिएको छ ।

योजनाको गुणस्तर सुनिश्चित गर्न नियमित अनुगमन भइरहेको उनले बताए । सिमकोट गाउँपालिकामा सञ्चालनमा रहेका करिब दुई सय योजनामध्ये ५० योजनालाई गुणस्तरका आधारमा अन्तिम भुक्तानीका लागि सिफारिस गरिएको छ ।

उपाध्यक्ष सुशीला भाम रोकायाका अनुसार बाँकी योजनाको पनि निरन्तर अनुगमन भइरहेको छ । नाम्खा गाउँपालिकाले पनि अनुगमनलाई प्राथमिकता दिएको छ ।

अध्यक्ष प्रेमबहादुर लामाका अनुसार एक सय भन्दा बढी योजना सञ्चालनमा रहेका छन् र अनुगमन टोली दुर्गम लिमी क्षेत्रसम्म पुगेको छ ।

खार्पुनाथ गाउँपालिकामा उपाध्यक्ष ज्ञानबहादुर सिंहको नेतृत्वमा प्राविधिकसहितको टोलीले पाँचवटै वडामा पुगेर योजनाको अनुगमन गरिरहेको छ । त्यस्तै, ताँजाकोट गाउँपालिकामा सञ्चालनमा रहेका ५० योजनामध्ये १९ योजनालाई अन्तिम भुक्तानीका लागि सिफारिस गरिएको छ ।

स्थानीय तहहरूले विकास योजनाको गुणस्तर कायम गर्दै समयमै सम्पन्न गराउन अनुगमनलाई प्रभावकारी बनाएका छन् ।

स्थानीय तहलाई विद्युत् महसुलमा जरिवाना

❐ **काँक्रेविहार संवाददाता**
कञ्चनपुर, ५ असार

जिल्लाका स्थानीय तहले समयमै विद्युत् महसुल भुक्तानी नगर्दा करिब २७ लाख रुपैयाँ जरिबाना तिरेको पाइएको छ ।

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको लेखा परीक्षण प्रतिवेदनअनुसार जिल्लाका पाँच स्थानीय तहले ढिलो भुक्तानीका कारण २६ लाख ९३ हजार रुपैयाँ अतिरिक्त खर्च गरेका हुन् ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार खर्च भुक्तानीअघि आवश्यक कागजात र प्रक्रिया पूरा भएको सुनिश्चित गर्नुपर्ने व्यवस्था भए पनि भीमदत्त नगरपालिका, शुक्लाफाँटा नगरपालिका, बेलौरी नगरपालिका, दोधारा चाँदनी नगरपालिका र लालझाँडी गाउँपालिकाले समयमै महसुल नतिर्दा जरिबाना तिर्नुपरेको प्रतिवेदनमा उल्लेख छ ।

सबैभन्दा बढी जरिबाना भीमदत्त नगरपालिकाले तिरेको छ । आर्थिक वर्ष २०८१/८२ मा एक करोड आठ लाख रुपैयाँ विद्युत् महसुल भुक्तानी गरेको नगरपालिकाले ढिलाइका कारण २२ लाख ९४ हजार ६३९ रुपैयाँ जरिबाना तिर्नुपरेको छ ।

नगरपालिकाका प्रशासकीय अधिकृत हरिसिंह धामीले समयमै भुक्तानी गर्न नसक्नु कमजोरी भएको स्वीकार गर्दै आगामी दिनमा सुधार गरिने बताए ।

शुक्लाफाँटा नगरपालिकाले छ पटकमा १६ लाख ३४ हजार रुपैयाँ महसुल बुझाउँदा एक लाख ४६ हजार रुपैयाँ जरिबाना तिरेको छ । साथै विद्युत् पोल खरिद तथा लाइन विस्तारका क्रममा आवश्यक प्राविधिक प्रतिवेदनबिनै एक लाख ८० हजार रुपैयाँ भुक्तानी गरेको विषयमा पनि महालेखा परीक्षकले प्रश्न उठाएको छ ।

बेलौरी नगरपालिकाले एक लाख ३८ हजार रुपैयाँ, दोधारा चाँदनी नगरपालिकाले ५० हजार रुपैयाँभन्दा बढी तथा लालझाँडी गाउँपालिकाले ६३ हजार एक सय २० रुपैयाँ जरिबाना तिरेका छन् । सीमित स्रोत र न्यून आन्तरिक आम्दानी भएका स्थानीय तहले समेत यस्तो अतिरिक्त आर्थिक भार व्यहोर्नुपरेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

समयमै प्रकाशित हुन थाल्यो विश्वविद्यालय र बोर्डको नतिजा

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ५ असार

विभिन्न विश्वविद्यालय र परीक्षा बोर्डले सार्वजनिक गर्ने नतिजा केही समययता समयमै प्रकाशन हुन थालेको छ । विश्वविद्यालयका स्नातक, स्नातकोत्तर र राष्ट्रिय परीक्षा बोर्ड अन्तर्गतका एसईई र कक्षा १२ को नतिजा समयमै प्रकाशन हुन थालेका हुन् ।

गत चैत २९ गते एसईईको परीक्षा सम्पन्न भएको थियो । जसको नतिजा वैशाख २८ गते सार्वजनिक भएको थियो । परीक्षा सम्पन्न भएको ३० दिनमानै राष्ट्रिय परीक्षा बोर्ड (कक्षा १०) ले एसईईको नतिजा सार्वजनिक गरेको हो । यस भन्दा अगाडि परीक्षा भएको तीनदेखि पाँच महिनासम्म एसईई, कक्षा १२ लगायतको नतिजा सार्वजनिक हुन समय लाग्ने गरेको थियो । नतिजा प्रकाशन हुन कक्षा १० को असारसम्म र कक्षा १२ को असोज/कार्तिकसम्मनै समय लाग्ने गरेको थियो ।

यस्तै, कक्षा १२ को परीक्षाफल पनि ४० दिनमा प्रकाशन भइसकेको छ । कक्षा १२ को परीक्षा गत वैशाख १४ गते देखि सञ्चालन भएको थियो । परीक्षाको नतिजा शुक्रवार प्रकाशन भएको हो ।

त्रिभुवन विश्वविद्यालयले समेत पछिल्लो एक वर्षयता अधिकांश परीक्षाको नतिजा एक सय दिनभित्रै सार्वजनिक गर्ने गरेको छ । राष्ट्रिय परीक्षा बोर्डका प्रवक्ता जयन्ती सत्यालले सबैको समन्वय र सहकार्यबाट समानान्तर रूपमा काम गर्दा समयमा नतिजा सार्वजनिक गर्न सफल भएको बताइन् ।

सत्यालले भनिन्, 'हामीले कार्ययोजना बनाएर काम गरेका थियौं । उत्तर पुस्तिका परीक्षण र सम्परीक्षणको काम सँगसँगै समानान्तर रूपमा गर्‍यौं । आर्थिक भार परेपनि कार्ययोजना बनाएर काम गर्दा नतिजा प्रकाशन छिटो गर्न सफल भयौं ।'

त्रिभुवन विश्वविद्यालयका प्रवक्ता नवीन्द्र भण्डारीले त्रिविले एक सय दिनभित्र नतिजा सार्वजनिक गर्ने लक्ष्य लिएर काम गरेको बताए । भण्डारीले भने, 'हाम्रा अधिकांश परीक्षाका नतिजाहरू एक सय दिन भित्रनै प्रकाशन हुन थालेका छन् । यो सम्भव भएका स्रोत साधनको समुचित परिचालन भएर भएको हो ।'

त्रिविमा नतिजा ढिलो आउने गरेको भन्दै पटक पटक गुनासो आउने गरेको थियो । ती गुनासो आन्तरिक रूपमा व्यवस्थापन गरिएकै कारण नतिजा छिटो सम्भव भएको उनको भनाइ छ ।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले शुक्रवार मन्त्रिपरिषद्को बैठकका निर्णयहरू सार्वजनिक गर्ने क्रममा कक्षा १२ को परीक्षाफल विगतको तुलनामा निकै छिटो सार्वजनिक हुनुलाई सरकारको सुशासनप्रतिको दृढ प्रतिबद्धता र शैक्षिक सुधारको महत्त्वपूर्ण फड्कोका रूपमा व्याख्या गरेका थिए । उनले नतिजा प्रकाशनमा गरिएको तदारुकताले समग्र शैक्षिक क्यालेन्डरमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरेका थिए । विगतमा नतिजा सार्वजनिक गर्न तीन महिनाभन्दा बढी समय लाग्ने गरेकोमा यस पटक प्रशासनिक प्रक्रियालाई चुस्त बनाउँदै छोटो अवधिमै काम सम्पन्न गरिएको उनको भनाइ छ ।

नतिजा ढिलो आउँदा विश्वविद्यालयको भर्ना, कक्षा सञ्चालन र परीक्षा समेत पछाडि धकेलिने गरेको स्मरण गर्दै मन्त्रीले अब विश्वविद्यालयहरूलाई पनि समयमै परीक्षा लिन र नतिजा प्रकाशन गर्न यसले प्रेरित गर्ने उल्लेख गरेका थिए ।

घरघरमै सरकारी कागजात पुऱ्याउन कसरी भयो सम्भव ?

❐ **काँक्रेविहार संवाददाता**
डोल्पा, ५ असार

सरकारी सेवा नागरिकको घरदैलोमै उपलब्ध गराउने लक्ष्यसहित हुलाक सेवा विभागमार्फत थालिएको 'सरकारी कुरियर सेवा' (गभर्मेन्ट कुरियर सर्भिस) को प्रगति उल्लेख्य देखिएको छ ।

हुलाक सेवा विभागलाई प्रविधिमैत्री बनाउने तथा संस्थागत सुधारका विविध काम अघि बढेसँगै राहदानी, सवारी चालक अनुमतिपत्र, स्वास्थ्य सामग्री, शैक्षिक प्रमाणपत्र तथा अन्य सरकारी कागजात नागरिकको घरसम्मै ढुवानी हुन थालेका छन् ।

नयाँ सरकार गठन भएलगत्तै ल्याइएको शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीमा हुलाक सेवालाई पुनर्जीवन दिई 'सरकारी कुरियर सेवा' का रुपमा विकास गरिने उल्लेख थियो । एक सय बुँदे कार्यसूचीको बुँदा नम्बर २७ मा राहदानी,नागरिकताको प्रतिलिपि, सवारीचालक अनुमतिपत्रलगायत सरकारी कागजातहरु घरमै पुर्याउने



व्यवस्था मिलाइने उल्लेख थियो । शासकीय सुधारसम्बन्धी सो बुँदामा हालसम्म उल्लेख्य प्रगति देखिएको र केही कामहरु अन्तिम चरणमा रहेको हुलाक सेवा विभागका महानिर्देशक मनमाया भट्टराई पंगेनीले जानकारी दिए । यो व्यवस्था कार्यान्वयनका लागि तालुकवाला मन्त्रालयका रुपमा सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिना निरन्तर रुपमा लागि पर्नुभएको छ भने अहिले त्यसको नतिजा देखिन थालेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निरन्तर दिशानिर्देश र गृह मन्त्रालय, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय एवं मातहतका निकायको समन्वयले 'स्मार्ट हुलाक' को अवधारणासहित 'सरकारी कुरियर सेवा' कार्यान्वयनमा आएको हो । संयोगवस अहिले हुलाक सेवा विभागमा महानिर्देशक मनमाया भट्टराई पंगेनीसहित निर्देशकहरु जमूना मिश्र, सपनाकुमारी भट्टराईलगायत महिला कर्मचारीहरुले ऐतिहासिक रुपान्तरणको जिम्मेवारी लिइरहेका छन् । महानिर्देशक पंगेनीकाअनुसार नयाँ सरकार गठन भएदेखि २०८३ असार ४ गतेसम्म एक लाख ८१ हजार ८४३ थान राहदानी हुलाकमार्फत् सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूमा ढुवानी गरिएका छन् । तीमध्ये चार हजार ६४२ थान राहदानी सेवाग्राहीको घरदैलोमै पुऱ्याइएको विभागले जनाएको छ । यातायात व्यवस्था विभागबाट प्राप्त पाँच लाख ७८ हजार ५३ थान सवारीचालक अनुमतिपत्र गोश्वारा हुलाक कार्यालयमार्फत सम्बन्धित जिल्लामा पठाइएको छ । तीमध्ये एक हजार ८१ थान अनुमतिपत्र कास्की, मोरङ, बाँके, पर्सा, सुनसरी, कालिकोट, बझाङलगायत जिल्लाका सेवाग्राहीको घरमै वितरण गरिएको छ । शैक्षिक प्रमाणपत्र घरदैलोमै पुऱ्याउने योजनाअन्तर्गत त्रिभुवन विश्वविद्यालयसँग ढुवानीसम्बन्धी सम्झौताका लागि छलफल जारी रहेको महानिर्देशक पंगेनीले जानकारी दिए ।

पूर्ण स्तनपान गराउनेमा कर्णाली अग्रस्थानमा

❐ **काँक्रेविहार संवाददाता**
वीरेन्द्रनगर, ५ असार

शिशुलाई जन्मेदेखि छ महिनासम्म आमाको दूध मात्र खुवाउने अर्थात् पूर्ण स्तनपान गराउने दरमा कर्णाली प्रदेश देशकै अग्रस्थानमा रहेको पाइएको छ ।

स्वास्थ्य मन्त्रालय अन्तर्गत परिवार स्वास्थ्य महाशाखाले गरेको स्वास्थ्य सर्वेक्षणअनुसार कर्णाली र सुदूरपश्चिम प्रदेशमा ७४ प्रतिशत शिशुले पूर्ण स्तनपान पाउने गरेका छन् । यो दर अन्य प्रदेशको तुलनामा उच्च रहेको बताइएको छ ।

ल महाशाखाका पोषणविज्ञ लीलाविक्रम थापाका अनुसार शिशुको शारीरिक, मानसिक तथा बौद्धिक विकासका लागि जन्मेदेखि छ महिनासम्म पूर्ण स्तनपान अत्यन्त आवश्यक हुन्छ । सर्वेक्षणले कर्णाली र सुदूरपश्चिममा स्तनपानसम्बन्धी चेतना तथा अभ्यास अपेक्षाकृत राम्रो रहेको देखाएको छ । अन्य प्रदेशको तथ्याङ्क हेर्दा मधेशमा ६५ प्रतिशत, गण्डकीमा ६४ प्रतिशत, कोशीमा ५३ प्रतिशत, बागमतीमा ४३ प्रतिशत र लुम्बिनीमा ३६ प्रतिशत मात्र पूर्ण स्तनपान गराउने गरेको पाइएको छ । यस्तै, दुधदानीबाट दूध खुवाउने दर भने कर्णालीमा सबैभन्दा कम रहेको छ । बागमती प्रदेशमा ४३ प्रतिशत शिशुलाई दुधदानीबाट दूध खुवाइने गरेको तथ्याङ्क छ । गण्डकी, कोशी, लुम्बिनी, मधेश र सुदूरपश्चिममा पनि दुधदानी प्रयोग हुने गरेको पाइएको छ । अध्ययन अनुसार उच्च शिक्षा हासिल गरेका तथा आर्थिक रूपमा सम्पन्न परिवारका महिलामा दुधदानी प्रयोग गर्ने प्रवृत्ति बढी देखिएको छ । स्वास्थ्यकर्मीहरूका अनुसार शिशु जन्मेको एक घण्टाभित्र स्तनपान सुरु गर्नुपर्छ र पहिलो छ महिनासम्म आमाको दूधबाहेक अन्य कुनै खानेकुरा वा पेय पदार्थ दिनुहुँदैन । छ महिनापछि पोषिलो पूरक आहारसँगै कम्तीमा दुई वर्षसम्म स्तनपानलाई निरन्तरता दिन सिफारिस गरिएको छ । यद्यपि बदलिँदो जीवनशैली, आधुनिक सोच र बट्टाको दूधप्रतिको आकर्षणका कारण केही क्षेत्रमा पूर्ण स्तनपानको अभ्यासमा कमी आउन थालेको चिन्ता स्वास्थ्य विज्ञहरूले व्यक्त गरेका छन् । उनीहरूले शिशुको स्वस्थ विकास र रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्न स्तनपानलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएका छन् ।

डिजिटल युगको विश्वसनीय आवाज
www .kankrebihar .com

काँक्रेविहार राष्ट्रिय दैनिक

शनिवार, ६ असार, २०८३
Saturday, 20 June 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

वन अतिक्रमण नियन्त्रणमा प्रशासन सक्रिय

❒ काँक्रेविहार संवाददाता

जाजरकोट, ५ असार

जाजरकोटमा वन तथा सरकारी जग्गा अतिक्रमण गरी निर्माण गरिएका अवैध संरचना हटाउने निर्णय गरिएको छ।

प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारीको संयोजकत्वमा बसेको जिल्ला वन अतिक्रमण नियन्त्रण समितिको बैठकले अतिक्रमण नियन्त्रणका लागि ठोस कार्ययोजना अघि सारेको हो।

डिभिजन वन कार्यालय जाजरकोटका अनुसार जिल्लाभर करिब एक हजार पाँच सय ५२ हेक्टर वनक्षेत्र विभिन्न व्यक्ति तथा समूहले अतिक्रमण गरेका छन्।

वन संरक्षण तथा अवैध अतिक्रमण नियन्त्रण गर्ने उद्देश्यले पहिलो चरणमा अतिक्रमणकारीलाई ३५ दिने सार्वजनिक सूचना



जारी गरिने भएको छ। उक्त अवधिभित्र आफैंले संरचना हटाई जग्गा खाली गर्न निर्देशन दिइनेछ।

तोकिएको समयसीमा नमान्नेहरूका संरचना कानुनी प्रक्रिया अपनाई हटाइने प्रशासनले जनाएको छ। साथै वन तथा सार्वजनिक जग्गा संरक्षणमा सहयोग गर्न नागरिकलाई आग्रह गरिएको छ। यता दैलेखमा पनि अतिक्रमित वनक्षेत्र खाली गराउन जिल्लास्तरीय अभियान सुरु गरिएको छ।

वन नियमावली, २०७९ अनुसार गठित वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन समितिको निर्णयपछि अभियान सञ्चालनमा आएको हो।

डिभिजन वन कार्यालय दैलेखका प्रमुख अमर शाहका अनुसार जिल्लामा कुल ४२०.१९ हेक्टर वनक्षेत्र अतिक्रमणमा परेको छ। यसमध्ये ८१ हेक्टर नयाँ र ३३८.८९ हेक्टर पुरानो अतिक्रमण रहेको छ।

अतिक्रमित क्षेत्रमा बसोबास गरिरहेका व्यक्तिको पहिचान गरी कानुनबमोजिम वनक्षेत्र खाली गराउने तयारी गरिएको छ।

जिल्लाको सबैभन्दा बढी अतिक्रमण चामुण्डा बिन्द्रासैनी नगरपालिका र ठाँटीकाँध गाउँपालिकामा रहेको छ, जहाँ करिब २४० हेक्टर वनक्षेत्र अतिक्रमित भएको तथ्याङ्क छ।

प्रमुख जिल्ला अधिकारी आनन्द सारूले सार्वजनिक तथा वनक्षेत्रको संरक्षणका लागि स्थानीय तहले सक्रिय भूमिका खेल्नुपर्ने बताए।

समितिले अतिक्रमित क्षेत्रको तथ्याङ्क सङ्कलन, अवस्था पहिचान, स्थानीय तहसँग समन्वय तथा नियमित संयुक्त अनुगमनलाई प्रभावकारी बनाउने निर्णय गरेको छ।

डिभिजन वन कार्यालयले जिल्लाका ११ वटै स्थानीय तहलाई आवश्यक समन्वयका लागि पत्राचार गरिसकेको जनाएको छ।

दुर्घटनारहित ड्राइभिङको २८ वर्षे यात्रा गर्ने बोहरालाई मुख्यमन्त्रीको सम्मान

❒ काँक्रेविहार संवाददाता

वीरेन्द्रनगर, ५ असार

कर्णाली प्रदेश सरकारले २८ वर्षसम्म कुनै पनि दुर्घटना नगरी सुरक्षित रूपमा बस सञ्चालन गरेका चालक भीमबहादुर बोहरालाई सम्मान गरेको छ।

एक कार्यक्रमका बीच कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले ५२ वर्षीय चालक बोहरालाई सम्मानपत्र प्रदान गर्दै उनको योगदानको प्रशंसा गरेका हुन्।लामो समयसम्म यात्रुको सुरक्षालाई प्राथमिकतामा राखेर जिम्मेवारीपूर्वक सवारी सञ्चालन गरेको भन्दै प्रदेश सरकारले बोहरालाई सम्मान गरेको जनाएको छ। सुरक्षित यात्राको संस्कृतिलाई प्रवर्द्धन गर्न



तथा जिम्मेवार चालकलाई प्रोत्साहन गर्ने उद्देश्यले उनलाई सम्मान गरिएको बताइएको छ। मुख्यमन्त्री कँडेलले बोहराको अनुशासन, व्यावसायिकता र सुरक्षित ड्राइभिङ शैली अन्य चालकका लागि प्रेरणादायी उदाहरण बनेको उल्लेख गरे। उनले सार्वजनिक यातायात क्षेत्रमा यात्रुको सुरक्षालाई सर्वोच्च प्राथमिकता दिनुपर्नेमा जोड दिँदै यस्ता चालकको सम्मानले सकारात्मक सन्देश प्रवाह हुने विश्वास व्यक्त गरे। सम्मानित चालक बोहराले आफूले सधैं यात्रुको सुरक्षालाई पहिलो प्राथमिकतामा राखेर सवारी सञ्चालन गर्दै आएको बताए। उनले प्राप्त सम्मानले आगामी दिनमा अझ जिम्मेवार ढंगले काम गर्न प्रेरणा मिलेको प्रतिक्रिया दिए। कर्णाली प्रदेश सरकारले सुरक्षित यातायात सेवामा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिहरूलाई प्रोत्साहन तथा सम्मान गर्ने कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिने जनाएको छ।

सूचनामूलक सन्देश

- पूर्वाधार विकास कार्यालय, जाजरकोटले जिल्लामा सञ्चालित सडक, पुल, भवन, खानेपानी, सिंचाइ तथा अन्य विकास निर्माणका योजनाहरू गुणस्तरीय, पारदर्शी र समयमै सम्पन्न गर्न सरोकारवाला सबै पक्षलाई अनुरोध गर्दछ।
- विकास निर्माणका कार्यहरू जनताको आवश्यकता र समृद्धिसँग प्रत्यक्ष रूपमा जोडिएका विषय भएकाले निर्माण सामग्रीको गुणस्तर, प्राविधिक मापदण्डको पालना तथा निर्धारित समयसीमाभित्र काम सम्पन्न गर्न निर्माण व्यवसायी, उपभोक्ता समिति तथा सम्बन्धित निकायहरूलाई विशेष ध्यान दिन आग्रह गरिन्छ।
- साथै, विकास आयोजनाको कार्यान्वयनका क्रममा देखिएका समस्या, अनियमितता, ढिलासुस्ती वा गुणस्तरसम्बन्धी गुनासो भएमा सम्बन्धित कार्यालयमा जानकारी गराई सहकार्य गर्न अनुरोध गरिन्छ। सार्वजनिक सम्पत्तिको संरक्षण, निर्माणाधीन संरचनाको सुरक्षा तथा वातावरणीय सन्तुलन कायम राख्न स्थानीय नागरिकको सक्रिय सहभागिता आवश्यक रहेको कार्यालयको विश्वास छ।
- कार्यालयले सडक तथा पुल निर्माणका क्रममा आवश्यक सावधानी अपनाउन, निर्माणस्थल वरपर आवतजावत गर्दा सुरक्षा नियमहरूको पालना गर्न तथा वर्षायाममा सम्भावित प्राकृतिक विपद्बाट सुरक्षित रहन सबै नागरिकलाई सचेत रहन आग्रह गर्दछ।
- समृद्ध जाजरकोट निर्माणका लागि विकास निर्माण कार्यमा सबै पक्षको साथ, सहयोग र निगरानी अपरिहार्य रहेकोले जिम्मेवार नागरिकको भूमिका निर्वाह गर्न सम्पूर्ण जिल्लावासीमा हार्दिक अनुरोध गरिन्छ।

पूर्वाधार विकास कार्यालय
जाजरकोट

जानकारी

- पूर्वाधार विकास कार्यालय, रुकुम (पश्चिम)ले जिल्लामा सञ्चालित सडक, पुल, भवन, खानेपानी, सिंचाइ तथा अन्य विकास निर्माणका योजनाहरू गुणस्तरीय, पारदर्शी र समयमै सम्पन्न गर्न सरोकारवाला सबै पक्षलाई अनुरोध गर्दछ।
- विकास निर्माणका कार्यहरू जनताको आवश्यकता र समृद्धिसँग प्रत्यक्ष रूपमा जोडिएका विषय भएकाले निर्माण सामग्रीको गुणस्तर, प्राविधिक मापदण्डको पालना तथा निर्धारित समयसीमाभित्र काम सम्पन्न गर्न निर्माण व्यवसायी, उपभोक्ता समिति तथा सम्बन्धित निकायहरूलाई विशेष ध्यान दिन आग्रह गरिन्छ।
- साथै, विकास आयोजनाको कार्यान्वयनका क्रममा देखिएका समस्या, अनियमितता, ढिलासुस्ती वा गुणस्तरसम्बन्धी गुनासो भएमा सम्बन्धित कार्यालयमा जानकारी गराई सहकार्य गर्न अनुरोध गरिन्छ। सार्वजनिक सम्पत्तिको संरक्षण, निर्माणाधीन संरचनाको सुरक्षा तथा वातावरणीय सन्तुलन कायम राख्न स्थानीय नागरिकको सक्रिय सहभागिता आवश्यक रहेको कार्यालयको विश्वास छ।
- कार्यालयले सडक तथा पुल निर्माणका क्रममा आवश्यक सावधानी अपनाउन, निर्माणस्थल वरपर आवतजावत गर्दा सुरक्षा नियमहरूको पालना गर्न तथा वर्षायाममा सम्भावित प्राकृतिक विपद्बाट सुरक्षित रहन सबै नागरिकलाई सचेत रहन आग्रह गर्दछ।
- समृद्ध रुकुम (पश्चिम) निर्माणका लागि विकास निर्माण कार्यमा सबै पक्षको साथ, सहयोग र निगरानी अपरिहार्य रहेकोले जिम्मेवार नागरिकको भूमिका निर्वाह गर्न सम्पूर्ण जिल्लावासीमा हार्दिक अनुरोध गरिन्छ।

पूर्वाधार विकास कार्यालय
रूकुम पश्चिम



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)